नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फ्याक्स:

महाराजगञ्ज, काठमाडौं

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो

# प्रेस विज्ञप्ती-८१

## " १५ वर्षपछि बिकास के.सी.को हत्यामा गरी सवारीसाधन लुट्ने गिरोहमा संलग्न व्यक्ति पक्राउ "

**मिति २०६४।१२।३०** गते जाहेरवालाको दाजु बाँके जिल्ला नेपालगंज उपमहानगरपालिका वडा नं.५ स्थायी वतन भएका **भे १ च ५८१** नम्बरको जिप चालक वर्ष २८ **बिकास के.सि.** जिल्ला कपिलबस्तु शिवपुर गाविस-०१ शिवपुर स्थित महेन्द्र राजमार्ग सडक खण्डमा धारिलो हतियार प्रहारबाट मृत अवस्थामा फेला परेको ज्यान सम्बन्धी कसूर मुद्दाको अनुसन्धानको क्रम वारदात पश्चात फरार रहेका प्रतिवादीहरुको खोजतलास गर्ने क्रममा **मिति २०७९।१२।२४** गते अ.१५:०० वजेको समयमा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३, महाराजगंज स्थित सार्वजनिक सडकमा हिंडी रहेको अवस्थामा फेला पारी कानून बमोजिम पक्राउ दशीका सामानहरु सहित आवश्यक कारवाहीको लागि वडा प्रहरी कार्यालय चन्द्रौटा कपिलवस्तु पठाईएको व्यहोरा सूचित गरिन्छ।

**घटनाको छोटकरी बिबरण:-**

- **मिति २०६४-१२-३०** गते मृतक **बिकास के.सी.ले भे १ च ५८१** नम्बरको गाडी भाडामा लिई लमहीको लागी २ जना व्यक्तिहरुले बुकिंङ गरी लगेकोमा जिल्ला दाङ लमही बजार पुगे पश्चात पैसा लिन बुटवल सम्म जानु पर्ने भयो भनी निज गाडिमा सवार व्यक्तिहरुले भने पश्चात मृतक बिकास के.सी. ले घरमा फोन गरी बुटवल पुगेर राती मात्रै फर्किन्छु भनेकोमा सम्पर्क बिहिन भएका। **मिति २०६५-०१-०३** मा गाडी चालक **बिकास के.सी.** को लास कपिलवस्तुको साविक शिवपुर गाविस वडा नं. १ सडक खण्ड (जंगल एरियामा ) धारिलो हतियारले हत्या गरी झाडीले छोपेको अवस्थामा फेला परेको र गाडी भाडामा लिनेहरु गाडी लिई फरार भएका।
- उक्त गाडी **मिती २०६६-०६-१७** गते रामेछाप जिल्ला प्रहरीको चेकिङ्गको क्रममा **भे १ च ५८१** नम्बरको गाडी नम्बर प्लेट परिवर्तन गरी नक्कली नम्बर प्लेट **बा ५ च ३३६४** राखी चलाईरहेको अवस्थामा आवश्यक कागजात नभएपछी गाडी चालक **गुमान ध्वज खड्का** लाई जि.प्र.का. रामेछापको प्रहरीले पक्राउ गर्दा गाडीको सम्पुर्ण कागजात लिई आउने शर्तमा गाडी चालकले गाडी धनी भनी बोलाएका **भिम बहादुर बुढाथोकीले** उक्त गाडीको कागजात ल्याउने शर्तमा जिम्मामा लिई हाल सम्म फरार रहेकोमा केन्द्रिय अनुसन्धान व्युरोले उक्त मुद्दाको मिसिल यस कार्यालयमा झिकाई आवश्यक अनुसन्धान गरी निज गाडी चालक र जिम्मामा लिने दुबै जनालाई पक्राउ गरी थप अनुसन्धानको लागी व.प्र.का चन्द्रौटा कपिलवस्तु पठाईएको।

# पक्राउ परेको मानिसको विवरण



१) **नामः- भिम बहादुर बुढाथोकी ।**
**वतनः-** जिल्ला ओखलढुङ्गा, साविक नर्मदेश्वर गाविस-७, देवीथान घर भई जिल्ला ललितपुर टिकाथली ।
**वर्षः-**५३



२) **नामः-गुमान ध्वज खड्का ।**
**वतनः-** जिल्ला रामेछाप, साविक सालु गाविस-६ घर भई हाल का.जि.का.म.न.पा. चाबाहिल ।
**वर्षः-**६८

**मिति २०७९।१२।२६ गते ।**

**प्रहरी उपरीक्षक**
**( संजय सिंह थापा )**
**प्रवक्ता एवंम सूचना अधिकारी**
**सम्पर्क नम्बरः ९८५१२९१३११**